# धुर्कोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी

प.सं.:२०८०/०८१
च.न.: –

लुम्बिनी प्रदेश, नेपाल

### सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८०/११/१८**

धुर्कोट गाउँपालिकाको प्रविधि मार्फत गुणस्तरिय सेवा विस्तार कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचना प्रविधि सहजकर्ता (करारमा) नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | ११/०८०/०८१ | सूचना प्रविधि सहजकर्ता | १ | धुर्कोट गाउँपालिकाको कार्यालय वा अन्तर्गत |

**क. योग्यता र अनुभव:**

१. नेपाली नागरिक हुनुपर्नेछ।

२. अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

३. उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। (महिलाको हकमा ४० वर्ष ननाघेको)

**ख. न्युनतम शैक्षिक योग्यता :**

मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर बिषय लिई प्रवीणता प्रमाणपत्र तह (कक्षा १२) वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह (कक्षा १२) उत्तीर्ण गरी रजिष्टार्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको

**ग. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३. दरखास्त दस्तुर बुझाएको रसिद

४. कम्प्युटर विषयमा ६ महिने तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

५. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

६. अनुभव भए अनुभवको प्रतिलिपि

**घ. छनौट तरिका:** प्रारम्भिम योग्यताक्रम,लिखित, प्रयोगात्मक र अन्तवार्ता (लोक सेवा आयोगले निर्धारण गरेको सहायक कम्प्युटर अपरेटर पदको पाठ्यक्रम अनुसार)

**ङ. सेवा सुविधा :**प्रविधि मार्फत गुणस्तरिय सेवा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि २०७९ अनुसार।

**च. आवेदन दस्तुर :** रु.५००।

**छ. सम्पर्क मिति :** २०८०/१२/०४ गते।

**ज. परिक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ।

**झ. दरखास्त दिने स्थान :** धुर्कोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बर्बोट, गुल्मी।

**ञ. दरखास्त दिने अन्तिम मिति :** प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिन भित्र।

- ***थप जानकारीको लागि सम्पर्क: ९८६७९२३८२०***

.....................

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत